बैठक संख्याः

आज मिति २०८१ चैत्र २५ गतेका दिन यस आदर्श गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गणेश बहादुर खडकाज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरि निम्नलिखित निर्णय पारित गरियो ।

**उपस्थिति**

१) अध्यक्ष श्री गणेश बहादुर खडका

२) उपाध्यक्ष श्री लक्ष्मी धामी (रोकाया)

३) सदस्य श्री भरत बहादुर खडका

४) सदस्य श्री रमेश बहादुर साउँद

५)सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

६) सदस्य श्री खगेन्द्र राज ओझा

७) सदस्य श्री उत्तम बहादुर सिंह

८) सदस्य श्री लाल ब खडायत

९) सदस्य श्री लाल ब विष्ट

१०) सदस्य श्री कमला खडका कमला

११) सदस्य श्री नन्दा बलायर (रोकाया)

१२) सदस्य श्री निर्मला देवी रोकाया

१३) सदस्य श्री ललिता वि.क.

१४) सदस्य श्री माने दमाई माने

१५) सदस्य श्री बहादुरे ढोली बहादुर

१६ सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

**अन्य उपस्थिति**

१) प्रशासकीय अधिकृत श्री षडानन्द ओझा

२) दान बहादुर थापा,(सिभिल इन्जिनियर)

३) विजय राज जोशी (लेखापाल)

४ डिल्ली राज जोशी (आ.ले.प.)

प्रस्तावहरु

१) गिरिचौका स्वास्थ्य चौकीमा ल्याव प्रयोगशालाको लागि स्वीकृती प्रदान तथा ल्याव असिस्टेण्ट[illegible] विज्ञापन सम्बन्धमा ।

२) गाउँपालिकास्तरिय खेलकुद मैदानको डि पि आर सम्बन्धमा ।

३) आदर्श वडा नं.१ को चाँसी र वडा नं.३ को काँडीमा सुरक्षित गर्भपतन सेवा सञ्चालनको लागि स्वीकृती सम्बन्धमा ।

४) आदर्श गाउँपालिका अन्तरगत निर्माणधिन १५ शैया अस्पताल सम्बन्धमा ।

५) आर्थिक सहायता सम्बन्धमा ।

६) तेडी आधारभूत विद्यालय सातलाको बाल विकास सहजकर्ता सम्बन्धमा ।

७) खेलकुद कार्यक्रमको रकम सम्बन्धमा ।

८) मौबा गिरिचौका सडक निर्माणको रकम भुक्तानी सम्बन्धमा ।

९) सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद गरेको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं.१ -आदर्श गाउँपालिका वडा नं.६ अन्तरगत गिरिचौका स्वास्थ्य चौकीमा ल्याव प्रयोगशालाको लागि आवश्यक सामाग्रीहरु मानविय सेवामा अनेकौ प्रयास संस्थाले उपलव्ध गराएकोमा उक्त स्वास्थ्य चौकीमा ल्याव प्रयोगशाला सञ्चालनको लागि स्वीकृती दिने निर्णय गरियो । साथै उक्त ल्याव प्रयोगशाला सञ्चालनको लागि ल्याव असिस्टेण्ट पदको आवश्यकता रहेको हुँदा ल्याव असिस्टेण्ट पदको लागि सेवा करार भर्ना गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२- प्रस्ताव नं.२ माथि छलफल गर्दा पालिकास्तरिय खेलकुद मैदानको तयार गरिएको डि पि आर लाई स्वीकृती प्रदान गरि नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३ -प्रस्ताव नं.३ माथि छलफल गर्दा आदर्श गाउँपालिका वडा नं.१ को चाँसी र वडा नं.३ को काँडीमा रहेको सामुदायिक स्वास्थ्य इकाई केन्द्रमा सुरक्षित गर्भपतन सेवा सञ्चालनको लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.४- प्रस्ताव नं.४ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत निर्माणाधिन अवस्थामा रहेको १५ शैया अस्पतालको सम्बन्धमा निर्माण कम्पनी ठेकेदारलाई कार्यालयमा बोलाई छिटो छरितो निर्माणको लागि निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५- प्रस्ताव नं.५ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत स्थायी ठेगाना भएका तपसिलका बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | आर्थिक सहयोग रकम रु | विस्तृत विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | डम्मरी विष्ट | आदर्श ४ डोटी | २५,०००। | असहाय | |
| २ | प्रेम बोहरा | आदर्श ६ डोटी | २०,०००। | किरिया खर्च | |
| ३ | योगेन्द्र बाग | आदर्श ७ डोटी | २०,०००। | गाडीदुर्घटनावाट मृत्यु | |
| ४ | ज्ञानेन्द्र बोहरा | आदर्श २ डोटी | २०,०००। | गाडी दुर्घटना | |
| ५ | सुना दमाई | आदर्श ४ डोटी | २०,०००। | माटोले पुरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | बाल विष्ट | आदर्श ७ डोटी | १५,०००। | | |

निर्णय नं. ६- प्रस्ताव नं.६ माथि छलफल गर्दा यस आदर्श गाउँपालिका वडा नं.७ अन्तरगत रहेको तेडी आधारभूत विद्यालय आदर्श ७ डोटीमा सामुदायिक विद्यालयलाई शिक्षक सहयोग अनुदान कार्यविधि २०८० बमोजिम आगामी आ.व.२०८२।०८३ को श्रावण देखि लागु हुने गरि (१) वटा बाल विकास सहजकर्ता अनुदान कोटा थप गर्ने निर्णय गरियो ।

निर्णय नं.७- प्रस्ताव नं.७ माथि छलफल गर्दा आ.व.२०८१/०८२ को हिउँदे गाउँसभाबाट वडाहरुको खेलकुद कार्यक्रममा रकम विनियोजन गर्ने गरि प्रत्येक वडाहरुमा खेलकुद कार्यक्रम त्यस भन्दा अगाडि नै सम्पन्न भएको हुँदा आवश्यक बिल भर्पाई एवं कागजपत्र गाउँकार्यपालिकाको कार्यालयमा पेश गरे पश्चात वडाहरुमा विनियोजन गरेको खेलकुद शिर्षकबाट भुक्तानी दिन हुन प्रमुख प्रशासकीय अधिकृतज्यूलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.८- प्रस्ताव नं.८ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत मौवा गिरिचौका सडक निर्माण ARM\NCB\WORKS\080-081\04 बमोजिम भवानी निर्माण सेवा दि.सि.न.पा.०६ डोटीलाई जिम्मा दिएकोमा उक्त मौवा गिरिचौका सडक निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन तथा बिल बमोजिमको रकम भवानी निर्माण सेवा दि.सि.न.पा.०६ डोटीलाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.९- प्रस्ताव नं.९ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयका ६-१२ सम्मका अध्यनरत छात्राहरुको लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम स्थानीय तहले तोकिएका छात्राका लागि नियमानुसार सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा डिस्पोजल मेसिन नभएमा एक पटक लागि मात्र खरिद गरी वितरण गर्न सक्नेछन भन्ने बुदा उल्लेख भएको हुदा हाल आदर्श गाउँपालिका अन्तरगत रहेका कुनै पनि सामुदायिक विद्यालयहरुमा डिस्पोजल मेसिन नभएको हुँदा यस आ.व.२०८१।०८२ मा गाउँकार्यपालिकाको कार्यालयले खरिद गर्ने र नियमानुसार डिस्पोजल मेसिनको रकम भुक्तानीको लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।